ऐन नं. १
प्रमाणीकरण गर्ने
भरत कुमार थापा
नगर प्रमुख
मिति : २०७४।९।२९

# आर्थिक ऐन, २०७४

सभाबाट स्वीकृत मिति :२०७४/९/२९

**बागमती नगरपालिकाको अर्थ सम्बन्धी प्रस्तावलाई कार्यान्वयन गर्न बनेको विधेयक**

**प्रस्तावनाः** बागमती नगरपालिकाको आर्थिक वर्ष २०७४/०७५ को अर्थ सम्बन्धी प्रस्तावलाई कार्यान्वयन गर्नको निमित्त स्थानीय कर तथा शुल्क संकलन गर्ने, छुट दिने तथा आय संकलनको प्रशासनिक व्यवस्था गर्न वाञ्छनीय भएकोले,

नेपालको संविधानको धारा २२८ को उपधारा (२) बमोजिम बागमती नगर सभाले यो ऐन बनाएको छ ।

१. **संक्षिप्त नाम र प्रारम्भः** (१) यस ऐनको नाम "आर्थिक ऐन, २०७४" रहेको छ ।

(२) यो ऐन २०७४ साल माघ १ गतेदेखि बागमती नगरपालिका क्षेत्रमा लागू हुनेछ ।

२. **सम्पति करः** नगरपालिकाका क्षेत्रभित्र अनुसूचि (१) बमोजिम घरजग्गा कर लगाइने र असूल उपर गरिनेछ ।

३. **भूमि कर (मालपोत):** नगरपालिका क्षेत्रभित्र अनुसूचि (२) बमोजिम भूमि कर (मालपोत) लगाइने र असूल उपर गरिनेछ ।

४. **घर जग्गा वहाल करः** नगरपालिका क्षेत्रभित्र कुनै व्यक्ति वा संस्थाले भवन, घर, पसल, ग्यारेज, गोदाम, टहरा, छप्पर, जग्गा वा पोखरी पूरै आंशिक तवरले वहालमा दिएकोमा अनुसूचि (३) बमोजिम घर जग्गा वहाल कर लगाइने र असूल गरिनेछ ।

५. **व्यवसाय करः** नगरपालिका क्षेत्रभित्र व्यापार, व्यवसाय वा सेवामा पूँजीगत लगानी र आर्थिक कारोवारका आधारमा अनुसूचि (४) बमोजिम व्यवसाय कर लगाइने र असूल उपर गरिनेछ ।

६. **सवारी** करःनगरपालिका क्षेत्रभित्र दर्ता भएका सवारी साधनमा अनुसूचि (५) बमोजिम सवारी साधन कर लगाइने र असुल उपर गरिनेछ ।तर, प्रदेश कानुन स्वीकृत भई सो कानुनमा अन्यथा व्यवस्था भएको अवस्थामा सोहि बमोजिम हुनेछ

७. **बहाल बिटौरी शुल्कः** नगरपालिका क्षेत्रभित्र आफुले निर्माण, रेखदेख वा संचालन गरेका अनुसूचि (६ ) मा उल्लेख भए अनुसार हाट बजार वा पसलमा सोही अनुसूचिमा भएको व्यस्था अनुसार बहाल बिटौरी शुल्क लगाइने र असूल उपर गरिनेछ ।

८. **पार्किङ शुल्कः** नगरपालिका क्षेत्रभित्र कुनै सवारी साधनलाई पार्किङ सुविधा उपलब्ध गराए वापत अनुसूचि (७ ) बमोजिम पार्किङ शुल्क लगाइने र असूल उपर गरिनेछ।

९. **जडिबुटी, कवाडी र जीवजन्तु करः** नगरपालिका क्षेत्रभित्र कुनै व्यक्ति वा संस्थाले ऊन, खोटो, जडिबुटी, वनकस, कवाडी माल र प्रचलित कानूनले निषेध गरिएको जीवजन्तु वाहेकका अन्य मृत वा मारिएका जीवजन्तुको हाड, सिङ, प्वाँख, छाला जस्ता बस्तुको व्यवसायिक कारोवार गरेवापत अनुसूचि (८ ) बमोजिमको कर लगाइने र असूल उपर गरिनेछ ।



भरत कुमार थापा
प्रमुख

१०। सेवा शुल्क, दस्तुरः नगरपालिकाले निर्माण, संचालन वा व्यवस्थापन गरेका अनूसूचि ९ र अनुसूची १० मा उल्लिखित स्थानीय पूर्वाधार र उपलब्ध गराइएको सेवामा सेवाग्राहीबाट सोही अनुसूचिमा व्यवस्था भए अनुसार शुल्क लगाइने र असूलउपर गरिनेछ ।

भरत कुमार
प्रमुख

अनुसुचि १

घरजग्गा कर

वागमती नगरपालिकाले घरजग्गा कर तपशिल बमोजिम वार्षिक रुपमा संकलन गर्ने छ :

क) घरजग्गाको मल्यांकन र दर : घर जग्गाकरको दर देहाए बमोजिम हुने छ :

| घर जग्गाको मुल्य | करको दर |
|---|---|
| पहिलो रु.१० लाख सम्म | कर नलाग्ने |
| त्यस पछिको रु. १० लाख सम्म | रु.३००। - एक मुष्ट |
| त्यस पछिको रु. ३० लाख सम्म | ०.०५ प्रतिशत |
| त्यस पछिको रु. ५० लाख सम्म | ०.२५ प्रतिशत |
| त्यस पछिको रु. १करोड सम्म | ०.५० प्रतिशत |
| त्यस पछिको बांकी रकमको सम्म | १.५० प्रतिशत |

घर जग्गा कर प्रयोजनको लागि मुल्यांकन गर्ने तरिका देहाए बमोजिम हुने छ :

**१) घरको मुल्यांकन** : घर जग्गा करको मुल्यांकनको प्रयोजनको लागि देहाय बमोजिम घरको बनौटको देहाय बमोजिम मुल्यांकन हुने छ :

| घर जग्गाको मुल्य | औषत लागत दर ( प्रति बर्गफुट) | प्रति वर्ष टुटफुट कटि दर( प्रतिशत) | कटी गर्ने जम्मा वर्ष |
|---|---|---|---|
| १) इटाको गाह्रो भएको कच्चि घर वा काठे घर | रु.४५० | ३ | २५ |
| २. तल पक्कि तथा माथि काठ भएको घर | रु.५२५ | २ | ३० |
| ३. पिल्लर नभएको पक्कि घर | रु.५७५ | १ | ७० |
| ४. आर.सि.सि. फ्रेमस्टक्चर भएको घर | रु.६२५ | ०.७५ | १०० |

तर बांस वा काठको टाटी ले बनेको खर,पराल वा टिनको छाना भएको घरको मुल्यांकन गरिने छैन् ।

**२) जग्गाको मुल्यांकन** : घर जग्गा कर लाग्ने जग्गाको मुल्यांकन गर्दा सो को प्रयोजनको निमित्त गठित नगरपालिकाको समितले तोकेबमोजिम हुने छ । यसरी नतोकिएको हदमा रजिष्ट्रेशन प्रयोजनको लागि मालपोत कार्यालयले तोकेको दर बमोजिम हुने छ ।

**३) घरजग्गा कर लाग्ने जग्गाको क्षेत्र** : घर तथा कम्पाउण्डले चर्चेको जग्गाको क्षेत्रफल रहने छ ।

भरत कुमार थापा
प्रमुख

**अनुसूची २**

**मालपोत (भूमिकर)**

वागमती नगरपालिकाले देहाए बमोजिम मालपोत (भूमिकर) संकलन गर्ने छ :

| सि.नं | विवरण | वार्षिक प्रति कठा रु. |
|---|---|---|
| १. | राजमार्गको दायां वायां राजमार्गलाई छोएको जग्गा | ५० |
| २. | क्षेत्रीय बाटोको दायां वायां क्षेत्रीयबाटोलाई छोएको जग्गा | ३० |
| ३. | अन्य प्रति कठा | २० |

**अनुसुची ३**

**घर जग्गा वहालकर**

कुनै व्यक्ति वा संस्थाले भवन, घर,ग्यारेज, गोदाम, टहरा,छप्पर,कारखाना,जग्गा. वा पोखरी पुरै वा आंशिक तवरले भाडामा लगएमा नगरपालिकाले त्यसरी वहाल लगाउने धनिबाट वहाल रकमको २ प्रतिशतले हुने रकम घर जग्गा वहालकर वापत संकलन गर्ने छ।

**अनुसूची ४**

**व्यवसाय कर**

वागमती नगरपालिकाले देहाय बमोजिम व्यवसायमा देहाय बमोजिम कर संकलन गर्ने छ :

**१. पेट्रोलियम पदार्थ बिक्री गर्ने :**

| सि.नं | व्यवसायको किसिम | वार्षिक रु. |
|---|---|---|
| १. | पेट्रोल पम्प | १५००० |
| २. | ग्यास डिलर | ३००० |

**२. निर्माण व्यवसाय :**

| सि.नं | व्यवसायको किसिम | वार्षिक रु. |
|---|---|---|
| १. | क वर्ग | १५००० |
| २. | ख वर्ग | १०००० |
| ३. | ग वर्ग | ५००० |
| ४. | घ वर्ग | २००० |

३. निजि विद्यालय :

| सि.नं | व्यसायको किसिम | दर्ता तथा नविकरण कर वार्षिक रु. |
|---|---|---|
| १. | पुर्व प्राथमिक विद्यालय | ५००० |
| २. | प्राथमिक विद्यालय | १०००० |
| ३. | आधारभुत विद्यालय | १५००० |
| ४. | माध्यमिक विद्यालय | २०००० |
| ५. | उच्च माध्यमिक विद्यालय | २५००० |
| ६. | क्याम्पस( -जोड २ भन्दा माथि) | २०००० |

४. निजि क्षेत्रका वैंक तथा वित्तिय संस्था :

| सि.नं | व्यवसायको किसिम | वार्षिक रु. |
|---|---|---|
| १. | क वर्ग | ३०००० |
| २. | ख वर्ग | २५००० |
| ३. | ग वर्ग | २०००० |
| ४. | घ वर्ग | १५००० |
| ५. | वित्त कम्पनी | १०००० |
| ६. | धितोपत्र कारोवार | १०००० |



भरत कुमार थापा
प्रमुख

| | | |
|---|---|---|
| ७. | मनिएक्स्चेन्ज तथा विदेशी मुद्र सटही | ५००० |
| ८. | लघु वित्त कम्पनीहरु | १०००० |

५. सहकारी संस्था :

| सि.नं | व्यवसायको किसिम | वार्षिक रु. |
|---|---|---|
| १. | वचत तथा ऋण सहकारी संस्था | ५००० |
| २. | दुग्ध उत्पादन सहकारी संस्था | ३००० |
| ३. | कृषि सहकारी संस्था | २५०० |

६. व्यवसायिक परामर्श सेवा प्रदान गर्ने व्यक्ति :

| सि.नं | व्यवसायको किसिम | वार्षिक रु. |
|---|---|---|
| १ | चिकित्सक | १५०० |
| २ | कविराज | १२०० |
| ३. | इन्जिनियर | १००० |
| ४. | कानून व्यसायि | ५०० |
| ५. | दन्त चिकित्सक | १००० |
| ६. | अनुसन्धान कर्ता तथा परामर्श दाता | ७०० |
| ८. | कम्पुटर एनालिष्ट तथा प्रोग्रामर | ७०० |
| ९. | विमा एजेन्ट | १०० |
| १०. | सर्भेएर | ५०० |
| ११ | अनुवादक | ५०० |
| १२. | पशु चिकित्सक | १००० |
| १३. | शेयर दलाल | ५०० |

७. विज्ञापन कर : नगरपालिकाले देहाए बमोजिम विज्ञापन कर संकलन गर्ने छ ।

| सि.नं | व्यसायको किसिम | करको दर रु. |
|---|---|---|
| १. | वाल पेन्टिंग प्रति वर्ग फिट ( वार्षिक) | ५।०० |
| २. | होर्डिंग बोर्ड सार्वजनिक स्थानमा प्रति वर्ग फिट ( वार्षिक) | ८०।०० |
| ४. | ग्लो साइन विद्युतिय बोर्ड प्रति वर्ग फिट(वार्षिक) | ९०।०० |
| ५. | ब्यानर गेट प्रति हप्ता | ५००।०० |

८. व्यवसायिक कृषि लाग्ने कर : देहाय बमोजिम कृपिजन्य उत्पादनको ब्यापरिक प्रयोजनको लागि खरिद विक्रिमा कारोवारको आधारमा देहाय बमोजिम कर लाग्ने छ :

| सि.नं | व्यसायको किसिम | करको दर रु. |
|---|---|---|
| १. | धान प्रति क्विन्टल | १०।०० |
| २. | चामल प्रति क्विन्टल | १५।०० |
| ३. | दाल प्रति क्विन्टल | २०।०० |
| ४. | मकै प्रति क्विन्टल | १०।०० |
| ५. | गहु प्रति क्विन्टल | १०।०० |
| ६. | तोरी प्रति क्विन्टल | २०।०० |
| ७. | तरकारी प्रतिक्विन्टल | १०।०० |
| ८. | अदुवा । वेसार प्रतिक्विन्टल | १०।०० |
| ९. | अन्य प्रतिक्विंन्टल | |

९. निकसी जन्य ब्यापारमा लाग्ने कर : देहाय बमोजिमको निकासी ब्यापारमा देहाय कमोजिम कर लग्ने छ ।

| सि.नं | व्यसायको किसिम | करको दर रु. |
|---|---|---|
| १. | ह्युमपाइप रिंग ४५ से.मी. भन्दा सानो गोलाई भएको प्रति गोटा | ५०।०० |
| २. | ह्युमपाइप रिंग ४५ से.मी. र सो भन्दा ठूलो गोलाई भएको प्रति गोटा | १५०।०० |
| ३. | सिमेन्ट टायल प्रति ट्रक | २००।०० |
| ४. | सिमेन्ट टायल प्रति ट्राक्टर | १००/०० |
| ५. | सिमेन्ट टायल प्रति टायर | २०।०० |
| ६. | माटोको टायल प्रति ट्रक | १००।०० |
| ७. | माटोको टायल प्रति ट्राक्टर | ५०/०० |
| ८. | माटोको टायल प्रति टायर | १०।०० |
| ९. | टेबल कुर्सि प्रति गोटा | २०।०० |
| १०. | झाडु प्रति बन्डल | ७५।०० |
| ११. | खैनी प्रति बन्डल | २५।०० |
| १२. | दराज पलंग प्रति गोटा | २०।०० |
| १३. | टमटार प्रति टोकरी | ५।०० |
| १४. | अन्डा प्रति कार्टून | १०।०० |
| १५. | राँगा,भैसी,गाई,गोरु प्रति गोटा | ३०।०० |
| १६. | खसी,बोका,बाख्रा, प्रति गोटा | १५।०० |
| १७. | बंगुर, सुँगुर प्रति गोटा | २०।०० |
| १८. | हाँस, कुखुरा, परेवा प्रति गोटा | ५।०० |
| १९. | मिठा प्रति ट्रक | २००।०० |
| २०. | मिठा प्रति ट्राक्टर | १५०।०० |
| २१. | मिठा प्रति टायर | २५।०० |

१०. अन्य व्यवसाय तथा उद्योग तथा सेवा क्षेत्र : तपशिल बमोजिम वार्षिक कर लागइने छ।

| सि.नं | व्यसायको किसिम (पुंजिको आधारमा) | दर्ताको हकमा व्यवसाय संग सम्बन्धित चालु पुंजि स्वघोषणाको आधार | नविकरणको हकमा व्यवसायको आर्थिक कारोवारको आधार |
|---|---|---|---|
| १. | रु. ५ लाख सम्म पुंजिभएको | १००० | १००० |
| २. | रु. ५ लाख भन्दा बढी रु.१० लाख पुंजि भएको | २५०० | २५०० |
| ३. | रु. १० लाख भन्दा बढी रु.५० लाख सम्म पुंजि भएको | १०००० | १०००० |
| ४. | रु. ५० लाख भन्दा बढी रु.१ करोड सम्म पुंजि भएको | १५००० | १५००० |
| ५. | रु १ करोड भन्दा माथि पुंजि रु.५ करोड सम्म पुंजी भएको | २०००० | २०००० |
| ६. | रु.५ करोड भन्दा माथि पुंजी भएको | ३०००० | ३०००० |
| ७. | मदिराजन्यको हकमा ५० प्रतिशतले कर थप हुने | | |

भरत कुमार थापा
प्रमुख

अनुसुची

सवारी कर

वागमती नगरपालिकाले देहाय बमोजिम वार्षिक सवारी कर संकलन गर्ने छ :

| सि.नं. | सवारी साधनको नाम | बार्षिक सवारी कर रु. |
|---|---|---|
| १. | कार जिप | २०००/- |
| २. | टेम्पो । मयुरी | १०००/- |
| ३. | मिनिवस | ३०००/- |
| ५. | मोटरसाईकल, स्कुटर | ५००/- |
| ६. | ठेला/रिक्सा | १००/- |
| ७. | इजाजत शुल्क | २००/- |
| ८. | ट्रयाक्टर | १२००/- |
| ९. | पावर टिलर | १००/- |

अनुसुची ६

वहाल विटौरी शुल्क

वागमती नगरपालिकाले देहाय बमोजिम बहाल विटौरी शुल्क संकलन गर्ने छ :

| सि.नं | प्रकार | मसिक शुल्क दर रकम रु. |
|---|---|---|
| १. | वहाल विटौरी शुल्क प्रति वर्गफिट | २।०० |

अनुसुची ७

पार्किंग शुल्क

वागमती नगरपालिकाले वनाएको वा व्यवस्था गरेको पार्किंग स्थलमा पार्किंग गरे वापत देहाय बमोजिमको सवारी साधनमा देहाय बमोजिम पार्किंग शुल्क लाग्ने छ।

| सि.नं. | सवारी साधनको नाम | शुल्क रु. |
|---|---|---|
| १. | बस,ट्रली, लरी हेभी गाडीमा | ३५/- |
| २. | कार जिप | २५/- |
| ३. | टेम्पो | २०/- |
| ४. | मिनिवस | ३०/- |
| ६. | मोटरसाईकल, स्कुटर | १०।- |
| ७. | ट्रयाक्टर | १५/- |
| ८. | पावर टिलर | १०/- |

अनुसुची ८

जडीबुटी, कवाडी र जिवजन्तु कर

वागमती नगरपालिकाले देहाय बमोजिमको व्यवसयिक बस्तुमा देहाय बमोजिम जडीबुटी, कवाडी र जिवजन्तु कर संकलन गर्नेछ।

| सि.नं | वस्तुको प्रकार | कर दर रकम रु. |
|---|---|---|
| १. | परालाबनकसाछ्वाली प्रति ट्रक | २००।०० |
| २. | परालाबनकसाछ्वाली प्रति ट्रयाक्टर | १००।०० |
| ३. | परालाबनकसाछ्वाली प्रति गाडा | ५०।०० |
| ४. | वांस प्रति गोटा | ५।०० |
| ५. | जुट र प्लाष्टिकको वोरा प्रति के.जी. | १।०० |
| ६. | काठ दाउरा तथा गोलिया प्रतिक्विन्टल | ५०। |
| ७. | जंगली जडिबुटी प्रति बोरा | २०।०० |
| ८. | कुरिलो प्रति बोरा | २०।०० |
| ९. | पिना प्रति बोरा | १०।०० |



भरत कुमार थापा
प्रमुख

| | | |
|---|---|---|
| १०. | कवाडी प्रति छ चक्के ट्रक | ४००।०० |
| ११. | कवाडी १० प्रति चक्के ट्रक | ६००।०० |
| १२. | कवाडी प्रति ट्राक्टर | ३००।०० |
| १३. | कवाडी प्रति टायर | १००।०० |

अनुसुची ९

सेवा शुल्क वा दस्तुर

वागमती नगरपालिकाले देहाय बमोजिम सेवाशुल्क संकलन गर्ने छ :

१) हाटवजार सेवा शुल्क : नगरपालिकाले व्यवस्था गरेको हाट वजारमा अस्थायी र पटके रुपमा लाग्ने देहायको पसलमा देहाय बमोजिम सेवा शुल्क लग्ने छ :

| सि.नं. | मालसामानको विवरण | सेवाशुल्क दर रु. |
|---|---|---|
| १. | घोडा १ को | १०.०० |
| २. | गोरु १ को | १०.०० |
| ३. | राँगा, भैसी गोटा १ को | १०.०० |
| ४. | खसी बोका गोटा १ को | ५०.०० |
| ५. | कुखुरा १ किलोभन्दा माथिको | २०.०० |
| ६. | कुखुरा १ किलोभन्दा मुनिको | ५.०० |
| ७. | राँगाकाटी वेच्ने सँग प्रति गोटा १ को | ७००.०० |
| ८. | खसी काटी वेच्ने सँग प्रति गोटा | १५०.०० |
| ९. | सुगुर वंगुर प्रति गोटा | २००.०० |
| १०. | हाँस, कुखुराको मासु विक्री पसल | १००.०० |
| ११. | राँगा भैसीको छाल १ को | ५०.०० |
| १२. | आलो माछा प्रतिपसल | ६०.०० |
| १३. | माछा मासू पकाए बेच्ने पसल १ को | ५०.०० |
| १४. | आलु,प्याज र अदुवा टोकरी १को | २०.०० |
| १५. | अम्बा, आरु, लिचि र आरुवखडा टोकरी १को | १०.०० |
| १६. | आलु,फरलकोभी, वन्दाकोभी , भान्टा, प्याज,टमाटर,मुला लगाएतको अन्य तरकारी पसल १ को | ३०.०० |
| १७. | आलु,कोभी,भान्टा, टमाटर लगाएतको बाहिर बाट आउने तरकारी प्रति टोकरी १को | १०.०० |
| १८. | काक्रो, मेवा, पिडालु, सखरखण्डा दोकान १ को | १०.०० |
| १९. | खुर्सानी , अदुवा, लसुन, वेसार गुन्द्रुक दोकान १ को | १०.०० |
| २०. | काउली कटहर रुखकटहर टोकरी १ को | १०.०० |
| २१. | वोडी, मास, मस्याङ्ग, भटमास, बदाम र केराउ प्रति पसल १ को | १५.०० |
| २२. | आँप,नास्पाति, जुनार, सुन्तला र आँटी टोकरी १को | १५.०० |
| २३. | स्कुस,फर्सि, लौका साग र तोरिङ्गा टोकरी १ को | १०.०० |
| २४. | उखु, निवुवा, भोगटे, कागती टोकरी १ को | १०.०० |
| २५. | मकै,गहूँ कोदो, चिउरा , चामल फापर र तोरी प्रति पसल १ को | ३०.०० |
| २६. | घीउ प्रति किलो | ५.०० |
| २७. | हजाम पसल १ को | ३०.०० |
| २८. | छाता जुत्ता लाईटर मर्मत दोकान १ को | ३०.०० |
| २९. | फलाम र फलामवाट वनेका कृषि र घरेलु सामान पसल, आरण , साध लगाउने दोकान १ को | ३०.०० |
| ३०. | औषधि वा जडीबुट्टि दोकान १ को | २०.०० |



भरत कुमार थापा

प्रमुख

| | | |
|---|---|---|
| ३१. | बाँसको डालो, नाङ्लो, चाल्नो, मान्द्रो, गोको लगायत बाँसबाट बनेको सामान पसल १ को | २०.०० |
| ३२. | पाटको दाम्लो, नाम्लो, बरियो लगायत पाट बाट बनेको सामान पसल १को | १५.०० |
| ३३. | चिराइतो र सिन्कौली तथा कुरिलो टोकरी १ को | ४०.०० |
| ३४. | वजारमा रोटी पकाई वेच्ने दोकान १ को | २०.०० |
| ३५. | वजारमा मिठाई पकाई विक्रीगर्ने दोकान १ को | ३०.०० |
| ३६. | राडीपाखी गलैचा दोकान १ को | १००.०० |
| ३७. | वजारमा मनोरञ्जन देखाउने दोकान १ को | २००.०० |
| ३८. | लता कपडा पसल १ को | ६०.०० |
| ३९. | सुर्ति विडी दोकान १ को | ३०.०० |
| ४०. | मिठा सखर दोकान १ को | ३०.०० |
| ४१. | किराना पसल १ को | ३०.०० |
| ४२. | भाडाकुडा पसल १ को | ७०.०० |
| ४३. | औंठी लगायत धातुका गहना पसल १ को | ३०.०० |
| ४४. | चुरा तथा मनिहरा पसल १ को | ३०.०० |
| ४५. | जुत्ताचप्पल पसल १ को | ३०.०० |
| ४६. | वरफ र चटपट्टे पसल १को | ३०.०० |
| ४७. | माथि उल्लेख नभएको अन्य किसिमका पसल १ को | ३०.०० |
| ४८. | सटरमा पसल राख्ने पसल १ को | १५०.०० |

नगरपालिकाबाट सो संकलन सम्बन्धि ठेक्का बन्दोबस्त भइ सकेको हकमा सम्झौता बमोजिमकै दरमा संकलन गरिने छ

२) सडक पुर्वाधार उपयोग सेवा शुल्क : नगरपालिकाले निर्माण गरेको, नगरपालिकाले मर्मत सम्भार गर्नु पर्ने तथा नगरपालिकामा हस्तान्तरण भइ आएका सडक उपायोग गरेवापत भारी सवारी साधनको हकमा तपशिल बमोजिम सडक पुर्वाधार उपोग सेवा शुल्क लाग्नेछ । तर सो भारी सवारी साधनले सो भारीको प्रयोजनको लागि कुनै पनि प्रदेश,जिल्ला समन्वय समिति वा नगरपालिकामा कुनै पनि कर, दस्तुर वा सेवाशुल्क कर वा दस्तुर तिरेको भए त्यस्तो सवारी साधनको हकमा सडक पुर्वाधार उपायोग सेवाशुल्क लाग्ने छैन् ।

| सि.नं | भारी सवारी साधनको प्रकार ( ढुंगा, गिटी, वालुवा, मकै, धान तथा अन्य समान वोकी हिड्ने सवारी साधनको हकमा) | सेवा शुल्कको कर दर रकम रु. |
|---|---|---|
| १. | ट्याक्टर प्रति पटक | ४००।०० |
| २. | ट्रक छ चक्के प्रति पटक | १०००।०० |
| ३. | ट्रक १० चक्के प्रतिपटक | १५००।०० |

३. अचल सम्पती मूल्यांकन सेवा शुल्क :

कुनै व्यक्ति , संघ ,संस्थाले अचल सम्पती मुल्यांकन गरिदन अनुरोध गरेमा नगरपालिको देहाय बमोजिम अचल सम्पती मुल्यांकन सेवा शुल्क संकलन गर्ने छ :

| |
|---|
| प्रति हजार मुल्यांकन रकमको रु.००।५० ले हुने रकम |

४.सिफारिश सम्बन्धी सेवा शुल्क : वागमती नगरपालिकाले देहायबमोजिमको सिफारिशमा देहाय बमोजिम सेवाशुल्क संकलन गर्ने छ :

| सि. नं. | विवरण | रकम |
|---|---|---|
| १. | नागरिकता सिफारिश | ५०।० |
| २. | भारत जाने सिफारिस | ३००।० |
| ३. | अन्य मुलुक | १०००।० |
| ४. | नाम संशोधन सिफारिस | २००।० |



भरत कुमार थापा
प्रमुख

| | | |
|---|---|---|
| ५ | विद्युत जडान सिफारिस | ३००।० |
| ६. | उद्योग दर्ता सिफारिस | १०००।० |
| ७. | वसोवास प्रमाणित | २००।० |
| ८. | जन्ममिति प्रमाणित सिफारिस | २००।० |
| ९. | घर निर्माण सम्पन्न प्रमाण पत्र | ५००।० |
| ११. | नक्सापास नामसारी सिफारिस | ५००।० |
| १२. | विद्युत नामसारी/धारा नामसारी सिफारिस | ३००। |
| १३. | पक्की घर निर्माणको लागि काठपात ल्याउने सिफारिस | १०००।० |
| १४. | कच्ची घर बनाउनको लागि काठपात ल्याउने सिफारिस | ७००।० |
| १५. | अंग्रेजी सिफारिस दिनुपर्दा आयश्रोत र अचलसम्पति बाहेकमा | ५००।० |
| १६. | छुट्टजग्गा नामसारी /सिफारिश | ५००।० |
| १७. | संस्था दर्ता सिफारिश | ५००।० |
| १८. | धाराजडान सिफारिश | ३००।० |
| १९. | दलित जनजाती सिफारिश | २००।० |
| २०. | चारित्रिक सिफारिश | २००।० |
| २१. | जग्गा धनिदर्ता प्रमाण-पूर्जाको प्रतिलिपि सिफारिश | ३००।० |
| २२. | चरकिल्ला प्रमाणित सेवा शुल्का | ५००।०० |
| २३. | जग्गा नामसारी | ५००।- |
| २४. | घरबाटो सिफरिश | ५००।- |
| २५. | मालपोत कार्यालयलाई घर कायमको सिफारिश दस्तुर | ३००।- |
| २६. | अन्य रिसफरिश | ३००।- |

५. फोहारमैला व्यवस्थापन सेवाशुल्क : नगरपालिकाले फोहोरमैला व्यवस्थापन सम्बन्धि सेवा उपलब्ध गराएको क्षेत्रमा देहाय बमोजिम फोहोरमैला व्यवस्थापन सेवाशुल्क संकलन गर्ने छ:

| सि.नं | किसिम | मसिक सेवा शुल्कको दर रु. |
|---|---|---|
| १. | होटल( खाना, खाजा) सहितको | १०० |
| २. | मदिरा पसल | १५० |
| ३. | किराना पसल | ५० |
| ४. | लज सहितको होटल | ३०० |
| ५. | भडा वाला | ५० |
| ६. | घरवाला | ५० |
| ७. | चिया नास्ता पसल | ५० |
| ८. | अन्य पसल | ५० |

६. अमिन सेवाशुल्क : नगरपालिकाले उपलब्ध गराएको अमिनको हकमा दोहाए बमोजिम सेवा शुल्क लिने छ :

| सि.नं | किसिम | शुल्कको दर रु. |
|---|---|---|
| १. | अमिन सेल्क शुल्क प्रति पटक ५ कठा सम्म | २५००/०० |
| २. | अमिन सेल्क शुल्क प्रति पटक ५ कठा भन्दा माथि | ३०००/०० |

भरत कुमार थापा
प्रमुख

नगरपालिकाले देहाएको विषयमा देहाए बमोजिम दस्तुर संकलन गर्ने छ ।

१. न्यायिक दस्तुर : नगरपालिकाको न्यायिक समितिमा निवदेन दर्ता गराउदा रु.१०० दस्तुर लाग्नेछ ।

२.नक्सा पास दस्तुर :

नगरपालिका क्षेत्र भित्र,भवन, पर्खाल तथा यस्तै संरचना निर्माण गर्दा देहाएमा उल्लेख भए बमोजिम नक्सा पास दस्तुर संकलन गर्नु पर्नेछ साथै नक्सा पास नभइ निर्माण सम्पन्न भइसकेका पुराना घरको अभिलेखिकरण गराउन समेत सोही दरमा नक्सा पास दस्तुर लाग्नेछ त्साथै नक्सा पास गर्दा तोकिए बमोजिमको कार्यको लागि देहाएमा उल्लेख भए बमोजिम दण्ड जरिवाना पनि लाग्ने छ ।

अ). नक्सापास दस्तुर

(क) आवसिय भवन

| सि.नं. | भवनको प्रकार | वेसमेन्ट तला | भूई तल्ला (प्रति वर्ग फिट) रु. | पहिलो तल्ला (प्रति वर्ग फिट) रु. | दोश्रो तला (प्रति वर्ग फिट) रु. | तेस्रो तला र सो भन्दा माथि (प्रति वर्ग फिट) रु. |
|---|---|---|---|---|---|---|
| १. | आर.सि.सि. पिल्लर भएको । | ४।- | ५।- | ६।- | ७।- | ८।- |
| २. | ढुङ्गा वा ईट्टा वा ब्लकमा सिमेन्ट बालुवाको गारो - आर. सि. सि. को छाना भएको । | - | ४।- | ५।- | ६।- | - |
| ३. | सिमेन्टको जोडाइमा ढुङ्गा वा ईट्टा वा ब्लकको गारो - जस्ता वा टाएलको छाना भएको । | - | ३।- | ४।- | - | - |
| ४. | पटाहाको घेराबेरा लगाएतका कच्ची भवन । | - | १।- | १।- | - | - |

(ख) नक्सापास दस्तुर व्यपारिक भवन

| नं. | भवनको प्रकार | वेसमेन्ट तला | भूई तल्ला (प्रति वर्ग फिट) रु. | पहिलो तल्ला (प्रति वर्ग फिट) रु. | दोश्रो तला ( प्रति वर्ग फिट) रु. | तेस्रो तला र सो भन्दा माथि (प्रति वर्ग फिट) रु. |
|---|---|---|---|---|---|---|
| १ | आर.सि.सि. पिल्लर भएको । | ६।- | ७।- | ८।- | ९।- | १०।- |
| २ | ढुङ्गा वा ईट्टा वा ब्लकमा सिमेन्ट बालुवाको गारो - आर. सि. सि. को छाना भएको । | - | ६।- | ७।- | ८।- | - |
| ३. | सिमेन्टको जोडाइमा ढुङ्गा वा ईट्टा वा ब्लकको गारो - जस्ता वा टाएलको छाना भएको । | - | ४।- | ५।- | - | - |

| सि.नं. | कम्पाउण्डवालको प्रकार | प्रति रनिङ्ग फिट रु. |
|---|---|---|
| १. | सिमेन्ट जोडाईको कम्पाउण्डवाल | २।- |
| २. | माटो जोडाईको कम्पाउण्डवाल | १।- |
| ३. | तारवारको कम्पाउण्डवाल | -।५० |

आ) दण्डजरिवाना :

(क) भवन नयाँ निमार्ण

| सि. नं. | विवरण | रकम |
|---|---|---|
| १ | जगको कार्य सम्पन्न | नक्सापास दस्तुरको २५% |



भरत कुमार थापा
प्रमुख

| | | |
|---|---|---|
| २ | डि.पि.सि.को कार्य सम्पन्न | नक्सापास दस्तुरको ३५% |
| ३ | गाह्रो लगाउने कार्य सम्पन्न | नक्सापास दस्तुरको ३५% |
| ४ | ढलानको कार्य सम्पन्न | नक्सापास दस्तुरको ७५% |
| ५ | निर्माण कार्य सम्पन्न | नक्सापास दस्तुरको १००% |

नोट :- उल्लेखित जरिवाना निर्माण भएको तल्लाको आधारमा लिइनेछ ।

**(ख) भवन तला थपमा**

| सि. नं. | विवरण | रकम |
|---|---|---|
| १. | गाह्रो लगाउने कार्य सम्पन्न | नक्सापास दस्तुरको ५०% |
| २. | ढलको कार्य सम्पन्न | नक्सापास दस्तुरको ७५% |
| ३. | ढलको कार्य सम्पन्न | नक्सापास दस्तुरको १००% |

नोट :- उल्लेखित जरिवाना निर्माण भएको तल्लाको आधारमा लिइनेछ ।

तर २०७५ असार मसान्त सम्म पुराना घरहरु अभिलेकिकरण गरेमा देहाए बमिजिम दस्तुर लाग्ने छ ।

| सि.नं | विवरण | दर रु. |
|---|---|---|
| १. | आर.सि.सि. पिल्लर भएको प्रति वर्ग फिट | २/०० |
| २. | ढुङ्गा वा इंट्टा वा ब्लकमा सिमेन्ट बालुवाको गारो - आर. सि. सि. को छाना भएको प्रति वर्ग फिट | १/५० |
| ३.. | सिमेन्टको जोडाइमा ढुङ्गा वा इंट्टा वा ब्लकको गारो - जस्ता वा टाएलको छाना भएको प्रति वर्ग फिट। | १/०० |
| ४.. | पटाहाको घेराबेरा लगाएतका कच्ची भवन एक मुस्ट | ५००/०० |

। संस्था दर्ता तथा नविकरण दस्तूर : नगरपालिकाले देहाएवमोजिको संघसंस्था दर्ता गर्दा तथा नविकरण गर्दा देहाए बमोजिम दस्तुर छ :

| सि.नं | किसिम | दस्तुर दर रु. |
|---|---|---|
| १. | अन्तर्राष्ट्रिय गैर सरकारी संघ संस्था | २००० |
| २. | राष्ट्रिय गैर सरकारी संघ संस्था | १००० |
| ३. | क्लव | ५०० |
| ४. | पेशागत संघ संस्था | ५०० |
| ५. | अन्य संघठित संस्था | ५०० |

**४. आयश्रोत प्रमाणित दस्तुर :**

| | विवरण | रकम रु. |
|---|---|---|
| | रु.२ लाख सम्मको लागि | ५००।- |
| | रु.२ लाख १ देखि रु.१० लाख सम्मका | १०००।- |
| | रु.१० लाख १ देखि रु.२० लाख सम्मका | २०००।- |
| | रु.२० लाख १ देखि रु.५० लाख सम्म | ३०००।- |
| | रु.५० लाख १ देखि माथि | ५०००।- |

**५. व्यक्तिगत घट्ना दर्ता दस्तुर :-**

| | विवरण | रकम |
|---|---|---|
| | ३५ दिन भित्रको घटना दर्तामा | दस्तुर निःशुल्क |
| | ७० दिन भित्रके घटना दर्तामा | २०।- दस्तुर लाग्ने |
| | त्यसपछिको घटना दर्तामा | ५० दस्तुर लाग्ने |

भरत कुमार थापा
प्रमुख

अनुसुची ११
वातावरण प्रदुषण शुल्क
नगरपालिकाले देहाए बमोजिम वातावरण प्रदुषण शुल्क संकलन गर्ने छ ।

| सि.नं | किसिम | मासिक दर रु. |
|---|---|---|
| १. | कसर उद्योग | २०००।०० |
| २. | ह्युम पाइप उद्योग | २०००।०० |
| ३. | कुखुरा फर्म | १००।०० |
| ४. | स मिल | ३००।०० |

भरत कुमार थापा
प्रमुख